फोन. 081-520151,520338,525323
टोलफ्री नं. 1660 81 52052
वेबसाइट www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश , नेपाल

प.सं. : ०७६/०७७(लगत संकलन इकाई)
च.नं. : २२४६८  मिति:२०७७/११/०२

**सुचना!** **सुचना!!** **सुचना!!!**

भूमि सम्बन्धि समस्या समाधान आयोग-२०७६ बाट मिति २०७७/१०/०९ गते प्रकाशित ३५ दिने सुचना अनुसार यस नेपालगंज उप-महानगरपालिका क्षेत्रभित्र बसोबास तथा आवाद कमोद गरीरहनु भएका भूमिहीन दलित,भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबसिहरुलाई आवास वा कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराउने फाराम लिई तपाईहरुको घरदैलोमा तथ्यांक संकलक टोलि आउने हुदा लगत संकलनको लागि तपशिल बमोजिमका कागजातहरु तयारि अवास्थामा राख्नुहुन अनुरोध छ ।सो कार्यकालागि खटिई आउनु भएका तथ्यांक संकलकबाट माग गरिएका विवरण र कागजात समयमै उपलब्ध गराई आवेदन फारम कार्यमा सहयोग गरिदिनहुन उप-महानगरपालिका सम्बन्धित सबै नागरिकहरुमा अनुरोध गर्दछ ।समयमै आवेदन फाराम नभर्ने, माग गरिएका कागजात र विवरण उपलब्ध नगराएका कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसमा जिम्मेवारी सम्बन्धित व्यक्ति हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । साथै झुठा विवरण दिई आवेदन फारम भरेमा नियमानुसार कार्बाही हुने व्यवस्था भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपशिलः

| भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको लागि आवश्यक कागजात | अव्यवस्थित बसोबासिको लागि आवश्यक कागजात |
|---|---|
| १.परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपालि नागरिकता प्रमाणपत्रको प्रतिलिप र नागरिता प्राप्त नभएका अन्य सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>२.उपभोग प्रमाण सम्बन्धि कागजातको प्रतिलिपि(विधुत/पानीको महसुल तिरेको रसिद,स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज,भोगचलन गर्न दिएको प्रमाण,घरको नक्सा पासको प्रतिलिपि,वहाल विटौरि शुल्क तिरेको रसिद अन्य आदि)<br>३.परिवारमुलि र परिवारमुली पति/पत्नीको हालसालै खिचेको ३/३ प्रति पासपोर्ट साइजको फोटो।<br>४.उपलब्ध अन्य प्रमाणहरु भएमा। | १.परिवारमुली र नागरिता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपालि नागरिताको प्रमाणपत्रको प्रतिलिपि र नागरिता प्राप्त नभएका अन्य सदस्याको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>२.आफु र परिवारका सदस्यको नाममा नेपाल राज्यभर रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पतिकर प्रयोजनको लागि निर्धारण गरेको मूल्यांकन सम्बन्धि स्थानीय तहको सिफारिस पत्र।<br>३.उपभोग प्रमाण सम्बन्धि कागजातको प्रतिलिपि(विद्युत/पानीको महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण,घरको नक्सा पासको प्रतिलिपि, वहाल विटौरि शुल्क तिरेको रसिद अन्य आदि)<br>४.परिवारमुली र परिवारमुली पति/पत्नीको हालसालै खिचेको ३/३ प्रति पासपोर्ट साइजको फोटो।<br>५. उपलब्ध अन्य प्रमाणहरु भएमा। |

**नोटःमिति २०७७/११/०४ गते मंगलबार देखि वडा नं.१ देखि २३ वडा मा लगत संकलन कार्य सुरु हुने भएकोले सम्बन्धित सबैलाई जानकारी गराईन्छ।**

077/11/02

मनराज थापा

संयोजक